स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री बेनिशा हमालको डेब्यू नाटक 'सेतो धरती'को मञ्चन शुक्रबारदेखि सुरु हुँदैछ। कान्तिपुर थिएटरमा सुरु हुने मञ्चन १९ बैशाखसम्म चल्नेछ। साहित्यकार अमर न्यौपानेद्वारा लिखित मदन पुरस्कार विजेता पुस्तकमा आधारित हुने यो नाटकबाट बेनिशाले डेब्यू गर्ने भएपछि दर्शकमाझ चर्चा चुलिएको छ। यो नाटकको निर्मात्रीमा अभिनेत्री रेखा थापा पनि जोडिएकी छन्।

**आजको विचार...**



युवा...
(दुई पेजमा)

सरोज बानियाँ

हाँस्य टेलिभिजन शो 'कमेडी दरबार' को तेस्रो सिजन प्रसारण तयारीमा छ। यसपटक अझ भव्य सेट, नयाँ प्रस्तुति शैली र विविधतापूर्ण सामाग्रीसहित शो दर्शकमाझ आउन लागेको निर्माण पक्षले काठमाडौंमा बुधबार पत्रकार सम्मेलन गर्दै जानकारी गराएको हो। शोमा महाराजाको रुपमा मनोज गजुरेल र महारानीको रुपमा गौरी मल्ल यथावत रहनुहुने छ भने अभिनेत्री दीया मास्के नयाँ रुपमा रानीको भूमिकामा देखिने जनाइएको छ। सुजन जिम्बालाई नयाँ कमेडियनका रुपमा देख्न पाइनेछ।



❐ वर्ष ३१ ❐ अंक २५३ ❐ २०८२ चैत २८ गते शनिबार 11 April 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# संघीय संसदका दुवै सदनको चालु अधिवेशन अन्त्य

## संविधानको भावना र जनचाहनाबमोजिम काम गर्न राष्ट्रपतिको आग्रह

**हाम्रा संवाददाता**

**पाल्पा,** चैत २७/ संघीय संसदको दुवै सदनको अधिवेशन शुक्रबार रातीदेखि अन्त्य भएको छ । २४ चैतको मन्त्रिपरिषद्को सिफारिसअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले दुवै सदनको अधिवेशन शुक्रबार राति १२ बजेदेखि अन्त्य गरेका हुन् ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/१२/२४ को सिफारिसमा संघीय संसदको दुवै सदनको चालु अधिवेशन अन्त्य गरे । यही चैत १९ गतेदेखि दुवै सदनको अधिवेशन प्रारम्भ भएको थियो । राष्ट्रपति पौडेलले सैंय संसद्को संयुक्त बैठकलाई सम्बाधेन समेत गरेका छन् । यो प्रतिनिधिसभाको पछिल्लो चुनावपछि राष्ट्रपतिको पहिलो सम्बोधन हो । बैंठकलाई सम्बोधन गर्दै उनले संविधानको भावना र जनचाहनाबमोजिम काम गर्न वर्तमान सरकार आग्रह गरेका छन् । उनले भने, "वर्तमान संविधान कार्यान्वयनको १० वर्षको अभ्यास र अनुभव हाम्रा लागि महत्वपूर्ण छन् । संघीय



लोकतान्त्रिक गणतन्त्रका आधारस्तम्भहरू संस्थागत भएका छन् । यही अवस्थाबाट वर्तमान सरकारले जनताका चाहना र भावना पूरा गर्नुपर्नेछ ।" उनले लोकतानित्रक गणतन्त्रको सुदृढीकणका लागि एकताबद्ध भई अघि बढ्नुपर्ने बताए । पौडेलले बिगतका कटुतालाई बिर्सेर अघि बढ्नुपर्ने बताएका छन् । "मुलुकमा लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, राष्ट्रिय एकताको प्रवर्द्धन तथा आर्थिक समृद्धिको साझा लक्ष्य हासिल गर्न हामी फुटेर होइन जुटेर, विगतका कटुता कोट्याएर होइन त्यसबाट पाठ सिक्दै एकताबद्ध भई अघि बढ्नु पर्ने खाँचो छ," उनले भने, "लोकतान्त्रिक मूल्य र मान्यता र आदर्शलाई आत्मसाथ गरी सुशासन, विकास र समृद्धिको यात्रामा सम्पूर्ण नेपाली जनता, जनप्रतिनिधिहरू, राजनीतिक दल तथा राज्य संयन्त्र एकजुट भई अघि बढ्न आफवान गर्दै सार्वभौम संसद्, नेपाली जनताको स्वतन्त्रता, सामाजिक न्याय, सुशासन र समृद्धिको चाहनालाई मुखरित गर्न सफल हुने विश्वास व्यक्त गर्दछु ।"उनले भ्रष्टाचार नियन्त्रण गरी सुशासनको प्रत्याभूत गर्न तथा आम नागरिकमा राज्यको अनुभूति दिलाउन सार्वजनिक सेवा प्रवाह चुस्त दुरुस्त राख्न सरकारलाई आग्रह गरे । राष्ट्पति पौडेलले भने " सरकारी संयन्त्रको सेवाप्रवाहमा हुने ढिलासुस्ती र अनियमितता हटाएर नागरिकले घरदैलोमै सरकार छ भन्ने अनुभूति गर्नसक्ने गरी सेवाप्रवाहको व्यवस्था मिलाउन सरकारले कुनै कसर बाँकी राख्ने छैन भन्ने पनि मेरो विश्वास छ ।"राष्ट्रपति पौडेलले हालैका दिनमा विश्वपरिवेशमा देखिएका द्वन्द तथा अस्थिरताको अवस्थालाई मध्यनजर गरी सरकार र सम्वद्ध सबै पक्षले राष्ट्रिय हितलाई केन्द्रमा राखी छिमेकी तथा मित्र राष्ट्रहरूसँग सन्तुलित, विश्वसनीय र पारस्परिक सम्मान र सहयोगमा आधारित कुटनीतिक सम्बन्ध अगाडि बढाउनु पर्ने पनि बताए । उनले जलवायु परिवर्तनले पारेको नकरात्मक प्रभावबाट परेको असर न्युनिकरण गर्न जलवायु न्यायका लागि विश्व समुदायसँग सरकारले उचित पहल गर्नुपर्नेमा जोड दिए । पौडेलले लोकतान्त्रिक मूल्य र मान्यता र आदर्शलाई आत्मसाथ गरी सुशासन, विकास र समृद्धिको यात्रामा सम्पूर्ण नेपाली जनता, जनप्रतिनिधिहरू, राजनीतिक दल तथा राज्य संयन्त्र एकजुट भई अघि बढ्न आह्वान गर्दै सार्वभौम संसद, नेपाली जनताको स्वतन्त्रता, सामाजिक न्याय, सुशासन र समृद्धिको चाहनालाई मुखरित गर्न सफल हुने विश्वास समेत व्यक्त लगरे ।

**सक्षिप्त समाचार**

### बाढीबाट दशौँ हजार प्रभावित : राष्ट्रसंघ

**(रासस/सिन्हुवा)**

**काबुल,** चैत २७/गएको दुई हप्तामा अफगानिस्तानमा गम्भीर मौसमी वर्षाका कारण आएको बाढीमा परी दशौँ हजार प्रभावित भएको टोलो न्यूजले शुक्रबार संयुक्त राष्ट्र संघलाई उद्धृत गर्दै रिपोर्ट गरेको छ । राष्ट्रसङ्घको प्रतिवेदन अनुसार मार्च २६ देखि अप्रिल -६ सम्म देशमा परेको भारी वर्षा र बाढीका कारण विभिन्न प्रान्तकामा असर पर्नुका साथै सयौँ गाउँहरू जलमग्न भएका छन् । यस प्रकोपबाट ७३ हजार भन्दा बढी मानिस प्रभावित भएको जनाइएको छ । बाढीका कारण नौ हजार भन्दा बढी घरहरू क्षतिग्रस्त भएको जनाइएको छ भने कृषि बाली तथा जग्गासमेत नष्ट भएको जनाइएको छ । जसले प्रभावित क्षेत्रहरूमा खाद्य सुरक्षाको बारेमा गम्भीर चिन्ता बढाएको छ भने ५०० भन्दा बढी घर पालरवा जनावरको मृत्यु हुँदा खेती तथा पशुपालनमा निर्भर ग्रामीण परिवारहरूको संकट अझै बढेको छ ।

# उपसभामुखमा ठाकुर निर्वाचित



काठमाडौँ, चैत २७/ प्रतिनिधिसभाको उपसभामुख पदमा श्रम संस्कृति पार्टीकी रुबीकुमारी ठाकुर निर्वाचित भएकी छन् । सभाको शुक्रबारको बैठकमा प्रस्तावक र समर्थकहरूको छलफलपछि भएको मतदानमा ठाकुर अत्यधिक मतसहित निर्वाचित भएको सभामुख डोलप्रसाद अर्यालले घोषणा गरे ।

मतदानमा ठाकुरको पक्षमा दुई सय २९ र प्रतिस्पर्धी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की सरस्वती लामाका पक्षमा पाँच मत खसेको थियो । कुनै पनि उम्मेदवारलाई मत दिन्न भन्नेमा २२ मत खसेको थियो । हाल प्रतिनिधिसभामा दुई सय ७५ सदस्य रहेकामा मतदानमा दुई सय ५६ जना सांसदले भाग लिएका थिए । यसैबीच, सभामुख अर्यालले विजयी ठाकुरलाई बधाई दिए । विजयी भएकी २६ वर्षीया ठाकुरलाई राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा)सहित नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले मत दिएका थिए । *-रासस*

# एनआईएमबी बैंकको एटिएम तोडफोड गर्ने पक्राउ

**हाम्रा संवाददाता**

**पाल्पा,** चैत २७/ नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (एनआईएमबी) को एटिएम मेसिन तोडफोड गर्ने एकजनालाई पाल्पा प्रहरीको एक टोलीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा बगनासकाली गाउँपालिका- ६ गुँगाका २४ वर्षीय विजय सुनार रहेका छन् ।

पक्राउ परेका सुनारले गत बुधबार रातीको समयमा यहाँको तानसेनस्थित एनआईएमबी बैंकको एटिएम मेसिनबाट पैसा चोरी गर्ने उद्देश्यले एटिएम भित्र जडान गरिएको सिसिटिभी क्यामरा तोडफोड गरी एटिएम मेसिन तोडफोड गर्दै गरेको अवस्थामा सोही बैंकका सुरक्षा गार्डले देखेपछि नियन्त्रणमा लिन खोज्दा सुनार भागेका थिए । फरार भएको भन्ने



जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पाल्पाबाट प्रहरी निरीक्षक सहितको टोली खटिगई सिसिटीभी क्यामरामा कैद भएको फोटो/भिडियो हेरि सुक्ष्म अनुसन्धान तथा विश्लेषणको आधारमा निज व्यक्तिको खोजतलास गर्ने क्रममा होलादीबाट नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक होम प्रकाश चौधरीले जानकारी दिए । अहिले उनलाई नियन्त्रणमा लिई थप अनुसन्धान अगाडि बढेको प्रहरीले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## अनावश्यक आयातलाई नियन्त्रण गर

**नेपालमा सधैजसो आयात बढ्दो नै रहने गरेको । यो सकरात्मक पक्ष भने पक्कै हैन । आयाततर्फ सबैभन्दा ठूलो हिस्सा पेट्रोलियम पदार्थ तथा इन्धनको छ । चालु आर्थिक वर्षको आठ महिना अर्थात् फागुनसम्म २ खर्ब ९ अर्ब ९९ करोड रुपैयाँबराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । यसमा ८२ अर्ब १० करोडको डिजेल, ४३ अर्ब ८९ करोडको पेट्रोल र ३७ अर्ब ३१ करोडको ग्यास तथा १३ अर्ब ३३ करोडको हवाई इन्धन आयात भएको छ । यस्तै २९ अर्ब ९३ करोडको स्मार्टफोन, २३ अर्ब ४९ करोडको सुन आयात भएको छ । नेपालमा ९१ अर्ब ९७ करोडबराबरको मेसिनरी र मेकानिकल उपकरण, ८९ अर्ब ७४ करोडका फलाम र स्टिल तथा विद्युतीय मेसिनरी र उपकरणको आयात ८८ अर्ब २३ करोडको भएको छ । सवारी साधन आयातमा ७३ अर्ब ४६ करोड र ५४ अर्ब ८४ करोडका बहुमूल्य धातु, सुन र पत्थरको आयात भएका छन् । यस्तै रासायनिक मल आयातमा पनि ४५ अर्ब ८१ करोड रुपैयाँ बाहिर गएको छ । यो सकरात्मक पक्ष भने पक्कै हैन । तर गत वर्षको सोही समयको तुलनामा भने निर्यातमा केही सुधार भने देख्न सकिन्छ ।**

**चालु आर्थिक वर्षको आठ महिनाम १ खर्ब ९१ अर्ब रुपैयाँबराबरको वस्तु निर्यात भएको छ । अघिल्लो वर्ष यो बेलासम्म १ खर्ब ५८ अर्बको निर्यात पुगेको थियो । गत वर्षसँग तुलना गर्दा यो वर्ष ३३ अर्ब रुपैयाँबराबर निर्यात बढेको हो । यो झन्डै २१ प्रतिशतले धेरै हो । औसत रूपमा हेर्दा निर्यात प्रतिमहिना २३ अर्ब ८७ करोड र दैनिक ७९ करोड ५८ लाख रुपैयाँ देखिन्छ । तर यो सन्तोष मान्न सक्ने अवस्था भने हैन । आयात बढ्नु कुनै पनि मुलुकका लागि राम्रो होइन । कस्ता वस्तु ल्याएका कारण आयात बढेको हो, त्यसलाई हेर्नुपर्छ । त्यसमा पनि उपभोग्य र विलासिताका वस्तुको आयात बढ्नु झनै नराम्रो पक्ष हो । उपभोग्य र नचाहिँदा वस्तु आयात गर्दा सरकारको राजस्व त बढ्ला, केही व्यापारीहरूको कारोबारमा वृद्धि पनि होला, तर समग्र अर्थतन्त्रका लागि यो राम्रो भने पक्कै हैन । आयात बढे पनि निर्माणजन्य वस्तु अथवा औद्योगिक कच्चा पदार्थ, मेसनरी, पार्टपुर्जाजस्ता वस्तुको आयात बढेको भए मात्र मुलुकका लागि फाइदाजनक हुने थियो । जुन वस्तुले आन्तरिक उत्पादन बढाउन सहयोग पुऱ्याउँछ त्यस्ता वस्तुको आयात बढ्नुपर्छ । तसर्थ सरकारमा बस्नेहरूले अनावश्यक आयातलाई नियन्त्रण गरी वस्तु निर्यातमा ध्यान दिनु जरुरी छ ।**

## Opinion @ Social Network

म कसै सङ्ग बद्‌ला लिने सोच राख्दिन
किन कि खराब फल आफै बोटबाट झरेर जान्छ ।
*(मनिषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Manisha.Ale)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# युवा, प्रविधि र समृद्धिको नयाँ मार्गचित्र



## सरोज बानियाँ

***देशलाई अब भाषण दिने नेता होइन, काम गरेर नतिजा देखाउने 'एक्जिक्युटिभ' नेतृत्वको आवश्यकता छ ।***

नेपालको राजनीतिक, आर्थिक र सामाजिक यात्रा आज एक निर्णायक मोडमा आइपुगेको छ । विगतका दशकहरूमा देशले लोकतन्त्र, गणतन्त्र र संघीयताको अभ्यास त गऱ्यो, तर आमनागरिकको जीवनस्तरमा अपेक्षित सुधार गर्न भने चुकेको छ । परम्परागत राजनीतिको जडता, नातावाद र नीतिगत विचलनले गर्दा सुशासन, रोजगारी, गुणस्तरीय शिक्षा र सर्वसुलभ स्वास्थ्य सेवा आज पनि ठूला चुनौतीका रूपमा कायम छन् । यही निराशाको भुमरीबीच काठमाडौं महानगरपालिकाबाट उदाएका बालेन्द्र शाह (बालेन)को कार्यशैलीले नेपाली राजनीतिमा एक नयाँ 'पाराडाइम सिफ्ट' को संकेत गरेको छ, जसले २०८२ को संघीय निर्वाचनबाट परम्परागत राजनीतिक वृत्तमा हलचल ल्याइदिएको छ । बालेन शाहले काठमाडौंमा स्थापित गरेको मोडेल केवल भौतिक निर्माण वा नियमनको पाटोमात्र होइन, बरू यो 'परिणाममुखी नेतृत्व'को एउटा ज्वलन्त उदाहरण हो । उनी व्यवस्थाभित्रै बसेर अवस्था बदल्न सकिन्छ भन्ने विश्वासका प्रतीक हुन् र तिनै कार्यहरूको पारदर्शिता, दण्डहीनताको अन्त्य तथा नियमको पालनामा देखाइएको दृढताले युवापुस्तामा राजनीतिप्रति पुन: आशा जगाएको छ । युवाहरूको यो आकर्षण केवल उनको व्यक्तित्वप्रति मात्र होइन, उनले अगाडि सारेको 'सिस्टम' र 'डेलिभरी' को शैलीप्रति हो । बालेन मोडेलको सान्दर्भिकता भनेकै प्रणालीलाई लयमा ल्याउनु हो, जसले २१औं शताब्दीको नेपाललाई आधुनिक र विकसित बनाउने आधार तयार पार्न सक्छ । यसै सन्दर्भमा, संघीय सरकारमा १५ सदस्यीय मन्त्रिपरिषद् बनेको छ र त्यसमा दशजना युवा नेतृत्वको सहभागिता भएको छ, यो युवा सशक्तीकरणको एक मूर्तरूप हो । युवाहरूमा हुने द्रुत निर्णय क्षमता, प्रविधिमैत्री सोच र जोसले जर्जर बन्दै गएको सरकारी संयन्त्रलाई गतिशील बनाउनसक्छ । यस्तो सरकारले डिजिटल गभर्नेन्सलाई प्राथमिकता दिँदै फाइलबन्दी र ढिलासुस्तीको अन्त्य गर्नुपर्छ, जसले भ्रष्टाचारको जरोलाई काट्न मद्दत गर्नेछ । साथै, राजनीतिक कार्यकर्ताभन्दा विषयविज्ञलाई प्राथमिकता दिँदै योग्यतामा आधारित नेतृत्व स्थापित गर्नु अपरिहार्य छ । देशलाई अब भाषण दिने नेता होइन, काम गरेर नतिजा देखाउने 'एक्जिक्युटिभ' नेतृत्वको आवश्यकता छ । नेपालको विकासका लागि अब 'पायलट प्रोजेक्ट' हरूको होइन, सिंगो प्रणाली बदल्ने 'म्यान्डेट' को खाँचो छ । योजना बनाउने तर कार्यान्वयन नहुने परिपाटीको अन्त्य गर्दै प्रत्येक मन्त्रालयलाई समयबद्ध कार्ययोजनामा बाँध्ने हो भनेमात्र समृद्ध नेपालको सपना साकार हुनेछ । बालेन मोडेल त्यही 'एक्जिक्युटिभ' नेतृत्वको जग हो, जसले राजनीतिलाई सेवाको माध्यम बनाउँदै युवा, प्रविधि र सुशासनको मार्गचित्र कोर्न सक्छ ।

**अवसर र चुनौतीबीचको देश**

नेपाल विश्वकै सबैभन्दा बढी युवा जनसंख्या भएको देशहरूमध्ये एक हो । करिब ४० प्रतिशत जनसंख्या युवाहरूको रहेको अवस्थामा यो देशका लागि ठूलो अवसर हो । तर विडम्बना के छ भने यही युवा शक्ति दिनहुँ विदेश पलायन भइरहेको छ । वैदेशिक रोजगारीका लागि दैनिक हजारौं युवाहरू देश छोडिरहेका छन् । यो केवल आर्थिक समस्या होइन, यो प्रणालीगत असफलताको संकेत हो । जब देशले आफ्ना नागरिकलाई अवसर दिन सक्दैन, तब नागरिकले विकल्प खोज्छन् । यही अवस्थालाई परिवर्तन गर्न 'बालेन मोडेल' ले 'ब्रेन ड्रेन'लाई 'ब्रेन गेन'मा रूपान्तरण गर्ने रणनीति अपनाउनेछ भन्ने आशा र विश्वास आमनेपालीको छ । दक्षिण कोरियाले मिराकल अन दि हान रिभरमार्फत आफ्नो अर्थतन्त्रलाई रूपान्तरण गऱ्यो । नेपालले पनि आफ्ना युवालाई सही दिशा दिनसके, भने यस्तै आर्थिक चमत्कार गर्न सम्भव छ ।

**डिजिटल नेपाल : भविष्यको आधार**

आजको विश्व 'डिजिटल अर्थतन्त्र' मा आधारित छ । ज्ञान, सूचना र प्रविधि नै विकासका प्रमुख साधन बनिसकेका छन् । सिगांपुरले सीमित प्राकृतिक स्रोत हुँदाहुँदै पनि 'ह्युमन क्यापिटल'मा लगानी गरेर विश्वको अग्रणी राष्ट्र बनाउन सफल भयो । हाम्रो देशमा त अझै प्राकृतिक एवं सांस्कृतिकलगायत धेरै कुराहरूले साथ दिएको छ । बालेन मोडेलको संघीय सरकारले नेपाललाई पनि 'डिजिटल राष्ट्र' बनाउने स्पष्ट दृष्टि लिएको छ । सरकारी सेवा, प्रशासन, कर प्रणाली, शिक्षा र स्वास्थ्य र सबै क्षेत्रमा डिजिटल प्रविधिको प्रयोग अनिवार्य र आजको आवश्यकता पनि हो । 'ई-गभर्नेन्स', 'डिजिटल फाइल ट्र्याकिङ', 'अनलाइन सेवा प्रवाह' जस्ता प्रणालीहरूले भ्रष्टाचार घटाउनेमात्र होइन, सेवाको गुणस्तर पनि बढाउनेछ । साथै, आईटी क्षेत्रलाई प्राथमिकता दिँदै सफ्टवेयर निर्यात, आर्टिफिसियल इन्टेलिजेन्स, डेटा साइन्स र साइबर सेक्युरिटीमा युवालाई अवसर सिर्जना गरी नयाँ युवाहरूबाट निर्माण भएको विभिन्न प्रविधि तथा सेवाहरूलाई विश्वस्तरसम्म लैजान सकिन्छ र यो काममात्र बालेन सरकारको पालामा सम्भव छ । **शिक्षामा क्रान्ति :** सीपमुखी प्रणाली नेपालको शिक्षा प्रणाली अहिले पनि सैद्धान्तिक ज्ञानमा केन्द्रित छ । विद्यार्थीहरूले डिग्री त पाउँछन्, तर रोजगारका लागि आवश्यक सीप भने हुँदैन र प्रतिस्पर्धि बजारका आफ्नो क्षमता देखाएर स्वरोजगार बन्न सक्दैनन् । जर्मनको 'डुअल एजुकेशन सिस्टम' यस समस्याको उत्कृष्ट समाधान हो । यस प्रणालीमा विद्यार्थीले पढाइसँगै काम गर्ने अवसर पाउँछन् । बालेन मोडेलले नेपालमा पनि यही प्रणाली लागू गर्नपर्नेछ र अनि आशातित परिवर्तन सम्भव छ । विद्यालय तहदेखि नै सीपमूलक शिक्षा, इन्टर्नसिप र उद्योगसँगको सहकार्यलाई अनिवार्य बनाउनुपर्नेछ । विश्वविद्यालयहरूलाई अनुसन्धान र नवप्रवर्तनको केन्द्रका रूपमा विकास गरिनुपर्छ । यसले 'डिग्रीधारी बेरोजगार'को समस्या समाधान गर्न मद्धत गर्नेछ ।

**स्टार्टअप र उद्यमशीलता : आत्मनिर्भर अर्थतन्त्र**

आजका युवाहरू सिर्जनशील छन्, जोखिम लिन तयार छन् र आफ्नै व्यवसाय सुरु गर्न इच्छुक छन् । तर नेपालमा उद्यम सुरु गर्न अझै धेरै कठिनाइ छन्, जटिल प्रक्रिया, वित्तीय अभाव र नीति तथा कानुनमा अस्पष्टता छ । इजरायलले योज्मा कार्यक्रममार्फत आृना युवालाई उद्यमशील बनायो । नेपालले पनि यस्तै कार्यक्रम लागू गर्नसकेमा उद्यमशीलतामा काया परिवर्तन गर्न सम्भव छ । 'स्टार्टअप फण्ड', 'एन्जेल इन्भेष्टर नीति' र 'सिंगल विन्डो सिस्टम'जस्ता उपायहरूले युवा उद्यमीलाई प्रोत्साहन गर्छ । कर छुट, सहुलियतपूर्ण ऋण र प्राविधिक सहयोगले नेपाललाई 'स्टार्टअप राष्ट्र'मा रूपान्तरण गर्न सकिन्छ । यो नै बालेन सरकारका लागि सफलताको कडी बन्छ ।

**सुशासन :** पारदर्शिता र उत्तरदायित्व नेपालको विकासमा सबैभन्दा ठूलो अवरोध भ्रष्टाचार र कमजोर प्रशासन हो । बालेन शाहले काठमाडौं महानगरपालिकामा देखाएको कडाइ र पारदर्शिताले नयाँ सम्भावना देखाएको छ । संघीय सरकारमा ब्लकचेन प्रविधिको प्रयोग गरेर सरकारी प्रक्रिया पारदर्शी बनाउनुपर्नेछ । प्रत्येक निर्णय ट्र्याक हुने, प्रत्येक खर्च सार्वजनिक हुने प्रणालीले भ्रष्टाचारलाई न्यूनतम बनाउनेतर्फ सहयोग गर्नेछ । जब नागरिकले राज्यप्रति विश्वास गर्छन्, तब उनीहरू विकास प्रक्रियामा सक्रिय रूपमा सहभागी हुन्छन् ।

**दिगो विकास र हरित अर्थतन्त्र**

विकासको नाममा वातावरण विनाश गर्नु दीर्घकालीन रूपमा हानिकारक हुन्छ । त्यसैले बालेन मोडेलले 'दिगो विकास' लाई प्राथमिकता दिनेछ । नेपालमा जलविद्युत, सौर्य ऊर्जा र हरित प्रविधिको ठूलो सम्भावना छ । यी स्रोतहरूको उपयोग गरेर देशलाई 'ग्रीन इकोनोमी'मा रूपान्तरण गर्नुपर्छ । कृषिमा आधुनिक प्रविधिको प्रयोग, स्मार्ट सिटी विकास र वातावरण संरक्षणका कार्यक्रमहरूले दिगो विकास सुनिश्चित गर्नेछ ।

**रचनात्मक उद्योग : नयाँ आर्थिक सम्भावना**

कला, संगीत, फिल्म र खेलकुदलाई नेपालमा अझै प्राथमिकतामा राखिएको छैन । तर यी क्षेत्रहरू आर्थिक रूपमा महत्त्वपूर्ण छन् । दक्षिण कोरियाले हल्यू वेभमार्फत आफ्नो सांस्कृतिक प्रभाव विश्वभर फैलायो । बिटिएस र ब्लायकपिकं जस्ता कलाकारले देशको अर्थतन्त्रमा ठूलो योगदान दिएका छन् । नेपालले पनि आफ्नो सांस्कृतिक सम्पदालाई विश्व बजारमा पुऱ्याउन सक्छ । डिजिटल प्लेटफर्महरूको प्रयोग, अन्तर्राष्ट्रिय सहकार्य र सरकारी प्रोत्साहनले यो सम्भव छ ।

**स्वास्थ्य सेवा : पहुँच र गुणस्तर**

नेपालमा स्वास्थ्य सेवा नागरिकको नैसर्गिक अधिकार भए पनि भौगोलिक विकटता, स्रोतको अभावले गर्दा यो अझै सबैका लागि सहज र गुणस्तरीय बन्न सकेको छैन । दुर्गम क्षेत्रका नागरिकहरू सामान्य उपचारका लागि पनि शहर धाउनुपर्ने बाध्यतालाई चिर्न स्वास्थ्य नीति प्रविधिमैत्री हुनु जरुरी छ । यसका लागि टेलिमेडिसिन सेवामार्फत गाउँमै विशेषज्ञ चिकित्सकको परामर्श उपलब्ध गराउने र बिरामीको 'डिजिटल हेल्थ रेकर्ड' व्यवस्थित गरी उपचारलाई छिटो तथा प्रभावकारी बनाउनु आवश्यक छ । साथै, स्वास्थ्य बीमा कार्यक्रमलाई थप पारदर्शी बनाउँदै भौतिक पूर्वाधार, दक्ष जनशक्ति र औषधिको नियमित आपूर्ति सुनिश्चित गर्न सकेमात्र नागरिकको स्वास्थ्य संस्थाप्रतिको विश्वास बढ्ने र गुणस्तरीय स्वास्थ्य सेवा सबैको पहुँचमा पुग्नेछ ।

**डायस्पोरा :** विकासको साझेदार विदेशमा रहेका नेपालीहरूले देशको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान दिइरहेका छन् । तर, उनीहरूको भूमिका रेमिट्यान्समा सीमित छ । उनीहरूलाई गैरआवासीय नागरिकता प्रदान गरी नेपालमा व्यवसाय सञ्चालनका लागि पहल गर्नुपर्दछ । बालेन मोडेलले डायस्पोरालाई विकास साझेदार बनाउनुपर्छ । लगानीका लागि सुरक्षित वातावरण, नीति स्पष्टता र 'नलेज ट्रान्सफर' कार्यक्रममार्फत उनीहरूको अनुभव देशभित्र उपयोग गरिनेछ ।

**आत्मविश्वास र राष्ट्रिय पुनर्जागरण**

**अन्तत:** विकासको सबैभन्दा महत्त्वपूर्ण पक्ष 'मानसिकता' हो । बालेन शाहले नेपाली युवामा आत्मविश्वास जगाएका छन् । 'हामी आफैं गर्न सक्छौं, भन्ने सोचले नै राष्ट्र निर्माणको आधार तयार गर्छ । यही सोचलाई संस्थागत रूप दिनु बालेन मोडेलको मुख्य उद्देश्य हुनुपर्नेछ ।

**निष्कर्ष :** नयाँ नेपालको आधार बालेन शाह उदय एक व्यक्तिमात्र होइन, यो नेपालको राजनीतिक संस्कृतिको परिवर्तन हो । यो 'पुरानो शैली'बाट 'नयाँ सोच'तर्फको यात्रा हो । आजका युवा परिवर्तनको नारा होइन, परिणाम चाहन्छन् । उनीहरू अवसर, पारदर्शिता र विश्वास चाहन्छन् । यदि 'बालेन मोडेल'ले यी अपेक्षाहरू पूरा गर्न सक्यो भने, नेपालले नयाँ युगको सुरुवात गर्नेछ । अब समय आएको छ-नेपालले आफ्ना युवालाई गुमाउने होइन, उनीहरूलाई देश निर्माणको केन्द्रमा राख्ने ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : श्रमको उचित मूल्याङ्कन हुनेछ । विद्या र बुद्धिको विकास हुनेछ । | **तुला** : बोलीको विपरीत अर्थ लाग्न सक्छ । लगानी गर्नु पनि उपयुक्त नहोला। |
| **वृष** : इच्छा र आकाङ्क्षा पूर्ण हुनसक्छ । मनमा हर्ष छाउनेछ । | **वृश्चिक** : कामहरू अगाडि बढ्नेछन्। कार्य सम्पादनमा सहजता मिल्नेछ । |
| **मिथुन** : मानसिक चिन्ता बढ्नसक्छ । गरेको काममा ढिलासुस्ती हुनेछ । | **धनु** : एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ । |
| **कर्कट** : साथीभाइबाट सहयोग मिल्नेछ। सामाजिक कार्यबाट सन्तोष मिल्नेछ। | **मकर** : पारिवारिक सद्भाव बढ्नेछ । नयाँ व्यक्ति सँग भेटघाट हुने समय छ । |
| **सिंह** : अतिथिका रूपमा सम्मान पाइनेछ। श्रमको उचित मूल्याङ्कन हुनेछ । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । |
| **कन्या** : शुभकार्यको चर्चा चल्नेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ। | **मीन** : मनोरञ्जनमा सहभागिता भइएला। आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । |

# साहित्य दर्पण

निबन्ध — इन्दिरा दीक्षित

## के म पनि मान्छे नै हो त ?

आज पनि फेरि उन्ले उहि प्रश्न दोहोर्याएर ! 'तपाईंलाई मन पर्ने कुरा चाँहि के हो त ? फेरि पनि म उस्तै तरिकाले अलमल्ल पर्छु कि मलाइ मनपर्ने कुरा के हो त'? सोच्दासोच्दै निकै समय बिते पनि दिमागमा केहि आएन, उन्ले भने 'अब भोली सोचेर भन्नुहोला' हस् हुन्छ त भनें तर पनि के कुरा हो त मलाई मन पर्ने ? सोच्दा सोच्दै निकै रात बितेछ, तै पनि मलाई केहि सुझेन, मेरो मन पर्ने कुरा के हो र ? उनी मेरा फेसबुके साथी, उस्तै उमेर हाहारारी होला तर भेटघाट कैले पनि भएको छैन, निकै टाढा बस्छन्, फेरि पनि कैलेका...ंही म सँग गफिन खोज्छन् । उन्को कुरा गराइमा लाग्छ निकै बिध्वान मान्छे होलान्, फेसबुकको तस्विर हेर्दा जीवनकालका आधा बसन्त पार गरेता पनि जवान नै हुन कि भनेजस्ता देखिन्छन् । दुनिया...ं देखेका उनी, धेरैजसो ज्ञानगुणका र उन्कै जीवनमा घटेका आश्चर्य लाग्दा र नितान्त बेग्लै खाले कुरा, मेरो सोचाइमन्दा निकै परको मेरालागि जान्न र बुझ्न आवस्यक र उपयोगि हुने खालका कुराहरुका बारेमा मलाइ सुनाउँछन्, म निकै उत्सुक र चाखमान्दै सुन्छु । निकै लामो कुरा गराइमा मेरो काम धेरै जसो सुन्ने र उनको कुराको सहि थाप्ने मै सिमित हुन्छ, निकै बेरको कुराकानी पछि एक पटक सोधेकै हुन्छन् । 'तपाईं को मनपर्ने कुरा के हा' ? त्यतिबेला म अकमक्क पर्छु खासै मेरो मनपर्ने कुरा के हो र ? प्रसँगबस एक दिन उनीसँगको गफ गराइमा राजनैतिक कुराहरु धेरै भए । 'तपाईंको मनपर्ने पाटी कुन हो'? उन्को सोधाइमा म अकमकीएँ ! जवाफ नआएपछि फेरि सोधे 'अघिल्लो पटको चुनावमा भोट कुन पाटीलाई हाल्नु भो र तपाईंले' ? त्यत्ति त मलाइ याद थियो भोट कुन पाटीलाई हाँले तर मर परेर हालें अथवा किन हाँले त्यो चाँही थाहै भएन, हावा हुरी र घरको माहौलले जस्लाई भन्छन् उसैलाई हालेको थिएँ । मैले जवाफ त दिएँ एउटा पाटीको नाम लिएर त्यसमा पनि उन्ले प्रश्न तेर्स्याए 'तपाँईले नेता मन परेर भोट हालेको कि पाटी मन परेर' ? अब भने मलाई जवाफ दिन झन् गारो भयो ।

नेता मन परेको भनौ भने कसैलाई चिनेको छैन, को हुन्, के हुन्, का...ं बाट आएँ, केही थाहा छैन, अनि पाटी मन पर्यो भनौ भने च्याउ उम्रे सरिका पाटीहरु नया...ं त के पुरानाका बारेमा पनि कैले केहि चासो भएन । कुन् पाटी कस्को हो ! कस्तो पाटीले के कस्तो का...ंमहरु गर्छ यस बिषयमा कैले पनि वास्ता गरीन । मेरो मौनतामा अब उन्ले भने 'कस्तो मान्छे तपाईं त ? आफ्नै देशमा के के हुन्छ यसको बारेमा जानकारी राख्नु पर्दैन त' ! म जिल्ल परें, यो सबै कुराको मलाई ध्यानै थिएन ! कसैले पनि यसबारेमा पैला कैले भनेकै थिएन, उन्को कुराको भेउ पाउन मलाई निकै कठिन भयो, म चुपैलागे । अनि फेरि उनैले भने 'तपाईंलाई मनपर्ने कुरा चा...ंहि के हो त'? अर्को दिन फेरि उन्को र मेरो गफ चल्यो माध्यम त उहि हो इन्टरनेट । त्यो दिन पनि धेरै कुरा भए खै किन हो उनिसँग गफिन मलाई पनि निकै रमाइलो लाग्न थालेको थियो । गफको शिलशिलामा खानेकुराको प्रसँग चल्यो, उन्ले 'सोधे तपाईं के के खानुहुन्छ'? मैले भनें 'मेरो घरमा पाकेको र खान हुने चीज सबैथोक खान्छ' 'मन परेको र मीठो लाग्ने कुरा चै के हो त'? अब फेरि मलाई आपत पर्यो ! मीठो र मन परेको खानेकुरा चाँही के हो त ? सबै त मलाई मीठो लाग्छ ! नमीठो केहि लाग्दैन । मैले भने 'मलाई सबैचीज मीठै लाग्छ, आफ्नो घरमा बनिएका चिजहरु सबै त खान्छु अब यस्मा मीठो नमिठो मनपर्नु न पर्नुको कुरा के हो र'? फेरि मेरा मित्रले प्रश्न गरे 'के तपाईंको घरमा बनिएका सबै चीज परिवारका सबै सदस्लाई मीठो लाग्छ त' ? अब भने सोच्न थालें, मैले अनकनाएको थाहा पाएर मित्रले भने 'सोचेर भन्नुस् है त, म पछि कुरा गर्छु' हस् भनेर फोन बन्द गरें । अब फेरि मेरा मित्रले मलाई सोचमा पारे ! हो त ! मेरो छोराछोरीदेखि अरु परिवारका सदस्यले सबै चीज काँहा खान्छन् त ? कसैलाई नुन चर्को चाँहिन्छ त कसैलाई बिलनु, कसैलाई झोल चाँहिन्छ त कसैलाई चोक्टा, कसैलाई साग मनपर्छ त कसैलाई आलु मात्रै, कोहि मासु खान्छन् त कोही खादैनन्, कसैलाईं चट्ट तारेको मासु चाँहिन्छ तकोही झोल भन्छन्, कसैलाई गुलीयो मीठाइ मनपर्छ त कसैलाई नुनीलो परिकार चाहिन्छ, घरभरिको मान्छेको चाहा फरक फरक छ अनि ति सबैको बिचार गरेर मैले खाना बनाउँदा थरीथरी बनाउँछु । अझ कैलेकाहिँ घरमा आएका पाहुँना पनि सबैथोक खानेखाले हुँदैनन्, उनको रुचीको पनि ध्यानमा राखेर म खाना बनाउँछु तर आफ्नो रुची चै के कुरामा छ मेरो ध्यान त्यतापट्टि कैले पनि गएर । म कस्तो मान्छे ? मेरो पनि मनपर्ने नपर्ने परिकार हुनुपर्ने तर खै यस बारेमा त कैले सोचीन ! तर मेरा मित्रले मलाई यस बिषयमा किन् सोधेहोलान् मलाई अचम्म लागिरह्यो । अर्को दिन फेरि उनैको फोन आयो औपचारिकता को आँदान प्रदान पछि फेरी उहि कुरा 'तपाईंको मनपर्ने कुरा के हो'? म हैरान भैसकें अब उन्को कुराको मसँग केहि जवाफ हुन्थेन फेरिपनि उनि सोध्न छोड्दैन थे । आज उनले अलि प्रसँग बदलेर सोधे 'तमाईं कस्तो लुगा मन पराउनु हुन्छ'? यो पनि मैले ध्यान दिएकै छैन, कस्तो लुगा मलाईं मनपर्छ भनेर, प्राय कुर्थासुरुवालमा सधैंजसो बसेकी हुन्छु, कैलेका...ंही औपचारिक कतै जानपरे सारी चोलीमा पनि सजिन्छु, तर यै मनपर्ने भन्ने त छैन, अरुले चट्ट परेको लुगालगाउँदा सारै राम्रो लाग्छ तर आफुले कैले लगाइन, अब उन्को कुराको जवाफ के दिउँ कि मलाइ कस्तो लुगा मनपर्छ भनेर ! फेरि म अल्मलिएको देखेर उन्लेभने 'लुगाको तरिका थाहा नभए पनि रँग त मनपर्ने हुन्छ होला नि ! कस्तो रँगको लुगा मनपर्छ तपाईंलाई'? त्यो पनि मलाई थाहा भएन जस्तो रँगको आइमिल्यो त्यस्तै लगाएँ । चित्तबुझ्दो जवाफ नआएपछि उन्ले कडिकिदै भने 'तपाईं कस्तो मान्छे ? अर्काको बारेमा सबै कुरा चाँहि याद राख्ने तर आफ्नो बारेमा चाँहि केहि वास्तै छैन ? अब राम्ररी ऐनामा उभिएर हेर्नुस् त तपाई निकै राम्रीपनि त हुनुहुन्छ' उन्को यो शब्दले मलाई ब्यँग गरेझै लाग्यो, म बयस्क सन्तानकी आमा अनि राम्री नराम्री को के मत्लव हो र ? आजसम्म मलाई 'तिमी राम्री छ्यौ' भनेर कसैले भनेको छैन र मैले सुनेको पनि छैन । मैलेपनि कैले ध्यान दिइन कि म राम्री पनि छु भनेर ! तर उन्को नजरले मलाई किन राम्री देख्दै छ ? के म साच्चै राम्री पनि छु त ? उनि किन बारबार मलाई यसो भन्दैछन् । फेसबुके साथी, उन्को र मेरो परिचयको माध्यम फेसबुक, न लेना न देना ! म यस्सो काम नपाएर केहि टुक्रा टाक्री कविता लेखेर फेसबुकमा पोष्ट गरेको र उन्ले पढेकै भरमा मलाई कति चीने र यस्त कुरा गरेका हुन् त ? कुरा गर्दा त निकै बुध्दिमानी र भलाद्मी जस्ता छन् फेरि पटकपटक एउटै कुरा किन दोहोर्याउँछन् ? 'तपाईंलाई मनपर्ने कुरा के हो' ? उन्को कुराले मलाई निकै सोचनीय बनायो । साच्चै मैले आफ्नो बारेमा कैले सोचें त खै ? जन्मे देखि आजसम्म मेरो मनपर्ने कुरा केहो त ? सधैं अरुले जे भन्छन् त्यै गर्दैगएँ नाँइ त केहि भएन सधै हस् मात्रै , आफ्नै छोराछोरीले सधैं यो हैन त्यो चाहिन्छ भन्थे, जिध्दि गर्थे सकेसम्म उन्ले भनेको पुर्याएकै हो , अनि आफ्नालागि चाँहि यो चाहिन्छ भनेर कैले बिचार भएन ! साच्चै म मान्छे नै हो त ? बचपनमा घरमा लुगा सिलाउने मान्छे टन्न आउँथे, बर्षको २र३ पटक, अनि तिन्ले सिलाए मध्देको एउटा नया...ं जामा चाहि अति मनपरेको थ्यो, कति राम्रो लाग्थ्यो , फुर्फुर्रिएर तलमाथि गरेको अलि अलि याद छ, सायद त्यो रातो रंगको बुट्टेदार थियो क्यारे ।तिमीले नजानेका कुरा म सिकाउँछु, मेरा औला समात म दुनिया...ं देखाउँछु, तिमी कता हरायौ म खोजेर ल्याउछु, बस् यत्ति कुरा बुझ म तिम्रो असल मित्र हुँ, मात्र मेरो बिस्वास गर, म यौटै मात्र कुरा भन्छु तिमी मान्छे हौ अनि मान्छेनै भएर बाँच' अब मलाई मेरा टाठाका मित्र प्रति गाढा बिश्वास लाग्दैछ, अरुको त के कुरा भयो र ! मेरा जन्मदाता देखि सहयात्री अनि आफ्नै सन्तानले पनि मलाई कैले चिनेनन् । भिडमा हराएकी एक्ली नारी, आफ्नो अस्तित्व बिहिन भएर बा...ंचेकी, 'दिन बिताउनु काल पर्खनु' भने जस्तै मेरो दिन चर्या अनि अर्काको लागि बा...ंचेकी म, उन्ले मलाई कसरी चीने, कुन रुपमा देखे यो उनै जानुन् ।

भगवानलाई कसैले पनि देखेको हुँदैन, नबोल्ने मुर्तिमा भगवान कसरी भेटिन्छ र ? म एक्लै कल्पना गर्छु सायद मेरालागि ईश्वरले पठाएका कुनै भगवान या देवदूत उनै होलान् जुन मेरो जीवनको लक्ष तिरको मार्ग निर्देशन् गर्दैछन्, चारैतिर स्वार्थले घेरीएको दुनिया...ंमा आसाको किरण भएझै यस्ता निस्वार्थी मान्छे पनि हुँदा रहेछन् , अँध्यारोमा हराएकी मलाई उज्यालो तिर डोहोर्याउन खोज्दैछन् । आखिर उन्लाई नपुग्दो केहि छैन, म बाट केहि आसा पनि छैन, फेरिपनि खै किनहो कुन्नि मलाई नितान्त सफदयि मित्र मान्छन् । राधाकृष्णको जस्तो निर्मल प्रेम उन्ले देखाए पनि उनीप्रति मेरो मीरा भक्ति अटुट रहने छ । दुनिया...ंले जे सुकै भने ता पनि म उन्को सफदयी मित्र बन्न सकुँ, म माथि उन्को अगाध स्नेह सँदा बर्षि रहोस् । इस्वर सँग यहि प्राथना छ टाठा भए पनि उन्को साथ कैले नछुटोस् ! अधिर भएको मनको कुनाले खोज्दै छ, ससरिर उन्क सामु उपस्थित भएर सोध्न मन लागेको छ, हजुरले देखेको र महसुस् गरेको मान्छेको स्वरुप भएकी म एउटी अबला, कुनै सिल्पकारको कठपुतली जस्ती, नर्तकीको औंलाले जता नचाउँन खोज्यो डोरिले उतै तानिएर नाचेकी जस्ती आफ्नो अस्तित्व केहि नभएकी, स्वास फेरे पनि निर्जीव जस्ति, आफन्तको बिचमा रहेर पनि नितान्त एक्ली जस्ती आइमाई, 'के म पनि साच्चै मन्छे नै हो त '? अनि हजुरले चीनेको मान्छेको साकार रुप म मा बिध्यमान छ त ? म माथिको यत्तिको गाढा स्नेहको औचित्य के ?

*-समकालीन साहित्य डटकम*

कथा — केशवप्रसाद आचार्य

## विभाजन र सहमति

> *हामीलाई यसरी सोच्न त नेताहरूले नै सिकाएका छन् । पार्टी दुइटा भैसके तैपनि हामी विभाजित छैनौं, हामी एकै हौं भनेर भन्न छाडेका छैनन् ।" यति भनेर ऊ हाँस्न थाल्यो । दुवै एक छिन मजासँग हाँसाहाँस गरे । हामीले ठूलो-सानोको भेद गर्नुहुँदैन । हाम्रा नेताहरूले पनि एकले अर्कोलाई सानो देख्ने मनोवृत्ति त्यागेर ठूलो-सानोको भेदलाई बिर्से भने विभाजन कहिल्यै हुँदैन । कमसेकम तैंले र मैले ठूलो-सानोको भेद त्याग्नै पर्छ । न तेरो नेता ठूलो न मेरो नेता ठूलो ! न म ठूलो न तँ ठूलो ! हामी समाजवादी धारका नै त हौं।" दोस्त्रोले भन्यो, "ठीक भनिस् ! हामीले त्यसै गर्नुपर्छ ।*

पहिलोले नाक खुम्च्याउँदै भन्यो, "यसरी विभाजित भएर हाम्रा नेताहरू आफू पनि बिग्रिए, हामीलाई पनि बिगारे, पार्टीलाई चकनाचूर पारे र देशलाई पनि ५० वर्षपछाडि धकेले यार !" दोस्रोले एक पेग स्वात्त पार्दै भन्यो, "यार, तेरो नेताले नै त हो नि आफ्नो स्वार्थको निम्ति आजको दुर्दशा पारेको ! सारै नै स्वार्थी छ तेरो नेता ।" रक्सीले लर्बरिएर त्यसरी बोलेको सुनेर पहिलोले भन्यो, "रिस उठ्ने कुरा गरेर यो जलि मूड नबिगार् न ! तेरो नेतामात्र दूधले धोएको छैन । त्यसको चिसो पाराले आजको स्थितिमा हाम्रो पार्टी आइपुग्यो । अब त कुनै हालतमा पनि मेल हुन सक्दैन तेरो नेतासँग मेरो नेताको । कसैले उनीहरूको मेल गराउन खोज्छ भने त्यसले फुटेको हाँडीलाई गिलो माटोको लेप लगाएर जोर्न खोजेजस्तै हुन्छ ।" दोस्रोले भन्यो, "कुनै हालतमा पनि तेरो त्यो च्याङ्गे नेताभन्दा मेरोजस्तो स्मार्ट नेता सानो भएर बस्दैन । कहाँ ढुकुने, कहाँ भोज !" पहिलोलाई सहिनसक्नु भयो । उसले आफ्नो हातमा भएको गिलासभरिको रक्सी पहिलाको मुखमा छ्यापिदियो । पहिलो पनि कम थिएन । उसले पनि गिलासभरिको रक्सी दोस्रोको टाउकोबाट खन्याइदियो । एकले अर्कोको कलर समातेर तान्दै "के गर्छस् !" भन्दै झगडा गर्न थाले । बारको मालिक, मेनेजर र बेराहरू मिलेर झगडा छुट्याएर दुवैलाई आ-आफ्नो सिटमा बसालें । सिटमा बसेपछि पहिलोले भन्यो, "यार, हामी अनावश्यक झगडा गर्छौं । ती दुवै नेताहरू के हुन् र ! तिनमा भन्दा त ममा क्षमता छ । मैले नै किन एउटा पार्टी नखोल्ने ? चुनाउ आयोगले पार्टी दर्ता गरिदिइहाल्छ । तैंले मलाई नेता मानिदे, म पार्टी खोल्छु ।" दोस्रोले झनक्क रिसाएर भन्यो, "सबै छोडेर पुछारमा हात ! तँजस्तो बेवकुफले खोलेको पार्टी कस्तो होला !" आफूलाई बेवकुफ भनेको सहन सकेन पहिलोले, आफ्नो हातमा भएको गिलासले दोस्रोको नाकमा हिर्काइदियो । दोस्रोको नाथ्री फुटेर रगत बग्न थाल्यो । त्यसपछि त्यहाँ दुवैको ताण्डव सुरु भयो । गिलास, बोतल र प्लेटहरूलाई अस्त्र बनाएर दुवैको युद्ध सुरु भयो । त्यहाँ भएका सबैले युद्ध शान्त गर्ने प्रयास गरे । तर, सम्भव भएन । अन्ततः पुलिस बोलाइयो । पुलिसले दुवैलाई थाना लैजानुसट्टा सोझै अस्पताल लग्यो । त्यसो नगरेको भए दुवैको या दुईमध्ये एकको मृत्यु हुने सम्भावना थियो । बहिरङ्ग विभागमा उपचार गर्दा दुवैको टाउकोबाट अनेक सिसाका टुक्राहरू निकालियो । बहिरङ्ग विभागले प्राथमिक उपचार गरेपछि जनरल वार्डमा भर्ना गरियो र भोलिपल्ट अपरेसन नै गर्नुपर्ने अवस्था आयो । एक दिनसम्म दुवैको बोलचाल भएन, जब कि दुवैको पलङ जोडिएजस्तै थिए । तेस्रो दिन दुवै जना आ-आृनो पलङमा टुसुक्क बसेका थिए । पहिलो बिस्तारै उठेर दोस्रोको पलया बस्दै भन्यो, "बडो नकाम भयो यार ! झण्डै ज्यान गुमेको !" दोस्रोले समर्थन गर्दै भन्यो, "हो यार, झण्डै ज्यान गएको मात्र होइन, झण्डै इज्जत गुमेको ! म ज्यानलाई भन्दा इज्जतलाई बढी महत्त्व दिन्छु ।" दुवै जना एउटाबाट फुटेका दुई पार्टीका कार्यकर्ताहरू थिए । दुवैको घर एउटै टोलमा पर्छ । दुवै बालसखा थिए । दोस्रो फेरि भन्यो, "हामी यसरी अस्पताल बसेका छौं भन्ने बाहिर हल्ला भयो भने हेर्न आउनेहरूको ओइरो लाग्नेछ । अब के गरेर इज्जत जोगाउने ?" अर्कोले भन्यो, "भागौं !" दुवै जना नर्स, डाक्टर र पालेहरूको आँखा छलेर चुपचाप अस्पतालबाट बाहिरिए । एउटा ट्याक्सीमा चढेर दुवै आ-आफ्ना घरमा पुगे । उनीहरूको शरीरभरि पट्टी बाँधेको देखेर घरमा एक छिन रुवाबासी भयो । त्यसको तीन दिनसम्म दुवै जना बाहिर निस्किएनन् र रक्सी खाएनन् । चौथो दिन साँझ परेपछि पहिलो मनमनै सोच्न थाल्यो, ...मैले रक्सी छोडेर के गर्नु, रक्सीले मलाई छोडे पो ! कस्तो घाँटी खसखसाएको ! रक्सी नपिउने हामी दुवैको सहमतिबमोजिम अर्को त पक्कै बारमा आउनेछैन । गएर एक पेगमात्र लिन्छु र आइहाल्छु । त्यसले देख्यो भने पो म पहिलेको विभाजनलाई कायम राख्ने अर्थात् सहमतिलाई बिगार्नेमा गनिन्छु ! हाम्रा नेताहरू विभाजन गर्ने अपजस आफूमा नआओस् तर विभाजन होस् भन्ने चाहन्छन् । मैले पनि त्यसको र मेरो सहमतिलाई पुन: विभाजन गर्ने अपजस बोक्नुहुँदैन ।! यसरी अनेकानेक तर्कनाहरू गर्दागर्दै उसले लुगा लगायो र बारमा पुग्यो । बारमा सधैं आफू बस्ने टेबुलमा पुग्यो । त्यहाँ दोस्रोलाई देखेर झसङ्ग भएर भन्यो, "हाम्रो सहमतिलाई पुन: विभाजन गर्ने जिम्मेवारी तेरै ठहरिन्छ । किनभने, तँ मभन्दा पहिले बारमा आइपुगिछस् र रक्सी तन्काउन थालिछस् । मैले तँलाई यहाँ देख्नुपर्ला भन्ने आशा गरेको थिइनँ।" दोस्रोले भन्यो, "यार, मैले पनि त त्यस्तै आशा गरेको थिएँ ! तर, तँ त आइपुगिस् ! छोड्दे यो सहमति र विभाजनको कुरा ! हामी विभाजित नै थिएनौं भने कस्तो सहमति ! हामीलाई यसरी सोच्न त नेताहरूले नै सिकाएका छन् । पार्टी दुइटा भैसके तैपनि हामी विभाजित छैनौं, हामी एकै हौं भनेर भन्न छाडेका छैनन् ।" यति भनेर ऊ हाँस्न थाल्यो । दुवै एक छिन मजासँग हाँसाहाँस गरे । अर्को गिलास मगाएर रक्सीको पेग बनाउँदै दोस्रोले पुन: भन्यो, "ला यार, एक पेग तान् । हामी यस्तो सहमतिमा पुग्नुपर्छ, जसले कहिल्यै पनि हाम्रो विभाजन नहोस् ! अस्ति त झण्डै ज्यान गुमेको यार !" पहिलोले भन्यो, "ठीक भनिस् ! झण्डै इज्जत गुमेको ! पुलिसले सोझै थाना लगिदिएको भए ! अस्पतालबाट भाग्दा कसैले देखेका भए ! अस्पतालमा हामी त्यस्तो हालतमा बसेको कुरो हाम्रा नेताहरू या साथीहरूले देखेका भए के इज्जत रहन्थ्यो ! यो ठूलो-सानोको भेद नै समय-समयमा हुने हाम्रो विभाजनको मूल कारण हो । हामीले ठूलो-सानोको भेद गर्नुहुँदैन । हाम्रा नेताहरूले पनि एकले अर्कोलाई सानो देख्ने मनोवृत्ति त्यागेर ठूलो-सानोको भेदलाई बिर्से भने विभाजन कहिल्यै हुँदैन । कमसेकम तैंले र मैले ठूलो-सानोको भेद त्याग्नै पर्छ । न तेरो नेता ठूलो न मेरो नेता ठूलो ! न म ठूलो न तँ ठूलो ! हामी समाजवादी धारका नै त हौं।" दोस्त्रोले भन्यो, "ठीक भनिस् ! हामीले त्यसै गर्नुपर्छ । नेताहरूको निम्ति पनि हामी उदाहरण बन्नेछौं यदि त्यसो गर्न सक्यौं भने । यो नयाँ सहमति कहिल्यै विभाजित नहोस् भन्ने कामना गरेर एक-एक पेग लिऊँ नत !" त्यसपछि पेगमाथ पेग थपिए । बोतलहरू रित्तिए । प्लेटमाथि प्लेट थपिँदै गए । अन्त्यमा दुवैको खल्ती रित्तियो । ठूलो-सानोको भेदलाई बिर्सेर नयाँ सहमतिमा पुगेका दुवै मित्रहरू अँगालो हालेर हल्लँदै बारबाट बाहिरिए र भोटाहिटीबाट सडक तरेर सोह्रहाते गणेशस्थान-नजिकै आइपुगे । उराठलाग्दो गरेर बतास चलिरहेको थियो । टुंडिखेल वरिपरिका रूखका पातहरू जुधेर कर्कसा ध्वनि उत्पन्न भइरहेको थियो । सडक बिल्कुलै सुनसान थियो । आँधी चलेको हुनाले स्ट्रिट लाइटहरू सबै निभेका थिए । वातावरणलाई भयावह नै भने पनि हुन्छ । दुवैका खुट्टा लर्बरिएका हुनाले अगाडि बढ्न सकेनन् । एकले अर्कोलाई च्याप्प समातेर पिचरोडको माझमा उभिए दुवै । पहिलोले लरबराएको आवाजमा भन्यो, "कस्तो भयङ्गर आवाज आएको यार ! कताबाट यो आवाज आएको ?" दोस्रोले भन्यो, "यार, तैंले क्यै देखिस् ?" अर्कोले भन्यो, "भयङ्गर आवाज निकाल्दै आएको त्यो भयङ्गर मुख ।" पहिलोले भन्यो, "हेर् न, जिउभन्दा मुख ठूलो । यो पक्कै यै टुंडिखेलमा बस्ने गुरुमापाको मुख हो ।" दोस्रोले भन्यो, "होइन यार, यो सुरसाको मुखजस्तो छ । हनुमानलाई खान पाइनँ, हामीलाई खान आइपुगी !" पहिलोले भन्यो, "यार, म त यो आवाज, यो झिनो जिउ र त्यसको भयङ्गर मुख सबै कुनै तरल पदार्थबाट निर्मित भएको देख्दै छु । यो त रक्सीको मुख पो रहेछ ! आँ गरेर हामीलाई खान खोज्दै छ । अब रक्सीले हामीलाई खाने भो ! लौ भागौं छिटोछिटो !" दुवै भाग्न खोजे । पहिलोले भन्यो, "यार, खुट्टै चल्दैन । लौ भेट्टायो त्यो रक्सीको मुखले !" दुवै अँगालो हालेकै हालतमा सडकमा पछारिन पुग्छन् । गस्ती पुलिसको जीप आइपुग्छ । दुवैलाई दाउराको मूढो लोड गरेझैं जीपमा लोड गरिन्छ र थानातिर लगिन्छ ।

*-साहित्यपोस्ट डटकम*


# ठूलो आवाज निकाल्ने आठ मोटरसाइकल नियन्त्रणमा



**पाल्पा,** चैत २७/ जिल्लाको तानसेनमा ठूलो आवाज निकाल्ने आठ मोटरसाइकलसहित चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले तानसेन बजार एरियाबाट यहाँका सडकमा ठूलो आवाज निकालेर मोटरसाइकल चलाउनेलाई नियन्त्रणमा लिएको हो ।

विभिन्न मिति तथा समयमा स्वरुप परिवर्तन गरी चर्को आवाज निकाली ध्वनी प्रदुषण गर्ने आठ वटा मोटरसाईकलहरु नियन्त्रणमा लिएको प्रहरी नायव उपरीक्षक चौधरीले जानकारी दिए । आवाज ठूलो निकालेर अनावश्यकरुपमा ध्वनी प्रदूषण गरेको गुनासो आएपछि प्रहरीले त्यस्ता मोटसाइकलहरुलाई धमाधम नियन्त्रणमा लिन थालेको छ । मोटरसाईकलहरु नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालयमा राखिएको चौधरीले बताए ।

# गुल्मीमा सडकमै चालकको आँखा परीक्षण



**तम्घास (गुल्मी),** चैत २७/ गुल्मीको धुर्कोट वस्तुदेखि तम्घाससम्म नियमित जीप चलाउने चालक राजु श्रेष्ठको जीप विहीबार बिहान प्रहरीको समूहले तम्घासको उदिनढुङ्गामा रोक्यो । उनी आफूले बढी यात्रु नराखेको र मापसे नगरेको कारण प्रहरीसँग ढुक्क थिए । तर प्रहरीले गाडी साइड लगाएर श्रेष्ठलाई आँखा जाँच गर्न पठायो ।

उनले प्रहरीबाट यात्रु संख्या, बिलबुक, लाइसेन्स जाँच गर्ने अनुमान गरेका थिए । श्रेष्ठको अनुमानको ठीक विपरीत भयो । केहीबेरमै उनको आँखा परीक्षण गरियो । "एकथोक सोचेरे गाडी रोकेको, आँखा परीक्षण गरियो, प्रहरीले राम्रो गर्‍यो", उनले भने, "आँखा जाँच गराउन पाउँदा खुसी लागेको छ ।" जैसिथोक-तम्घास सवारी चलाउने चालक मीनबहादुर खत्रीको पनि सडकमै आँखा परीक्षण भयो । एकाएक गाडी रोक्न भनेपछि दङ्ग परेका खत्रीलाई प्रहरीले गाडी र यात्रुको अवस्थाभन्दा उनकै आँखाको अवस्थाको परीक्षण गरायो । परीक्षणका क्रममा कुनै रोग नदेखिए पनि आँखा परीक्षण गराएकामा खत्री खुसी छन् । श्रेष्ठ र खत्री आँखा परीक्षण गराउनेमध्येका केही प्रतिनिधिमुलक पात्र मात्रै हुन् । उनीहरुजस्तै बिहीबार १०१ चालकको सडकमै आँखा परीक्षण गरिएको छ । जिल्ला प्रहरी कार्यालयले समुदाय-प्रहरी सफेदारी कार्यक्रमअन्तरगत नेपाल नेत्र ज्योती सै आँखा उपचार केन्द्रसँगको समन्वयमा गाउँबाट सदरमुकाम तम्घास आएका सवारी चालकको आँखा परीक्षण गरेको हो । परीक्षणको क्रममा सातजनाको आँखा उपचार गर्नुपर्ने भएकाले आँखा उपचार केन्द्रमा सम्पर्क गर्न आग्रह गरेको केन्द्रका प्रमुख सूर्य बस्नेतले जानकारी दिए । जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नारायण अधिकारीले दुर्घटनामा कमी ल्याउन गुल्मी प्रहरीले नयाँ अभियान सञ्चालन गरेको बताए । "पछिल्लो छ महिनामा मात्रै सडक दुर्घटनाबाट ६ जनाको ज्यान गएको छ", उनले भने, "हामी त्यो दर घटाउन चाहन्छौं ।" *-रासस*

## खेलकुद समाचार

### नेपालले यूएईसँग २ वटा टी-२० खेल्ने



**काठमाडौं,** चैत २७/नेपालले घरेलु मैदानमा संयुक्त अरब इमिरेट्स (यूएई) सँग दुई खेलको टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृङ्खला खेल्ने भएको छ । आउँदो वैशाख ७ र ८ गते हुने कीर्तिपुरको त्रिवि क्रिकेट रङ्गशालामा हुने यो खेललाई नेपाल क्रिकेट सै ( क्यान) ले 'ईएल क्लासिको' नाम दिएको छ । नेपाल र यूएई चिर प्रतिद्वन्द्वी टोली हुन् ।

नेपाल यूएईबीचको क्रिकेट निकै प्रतिस्पर्धात्मक र रोमाञ्चक हुने गरेको छ । टी-२० क्रिकेटमा अहिलेसम्म यी दुई टोलीबीच ११ पटक भेट भएकोमा नेपाल ६ र यूएई ५ खेलमा विजयी भएको छ । यो टी-२० शृङ्खलापछि वैशाख १२ देखि २३ गतेसम्म नेपाल, ओमान र यूएई सम्मिलित आईसीसी विश्वकप क्रिकेट लिग-टु शृङ्खला हुनेछ । त्यसपछि जेठ १ देखि ११ गतेसम्म नेपाल, अमेरिका र स्कटल्यान्ड सम्मिलित लिग-टु शृङ्खला हुनेछ । यी दुई वटै शृङ्खला त्रिवि रङ्गशालामा हुनेछ । ८ वटा टोली सहभागी लिग-टुमा नेपाल २० खेलमा १२ अङ्कसहित सातौं स्थानमा छ । २४ खेलबाट ३६ अंक जोडेको अमेरिका शीर्ष स्थानमा छ ।


वर्गिकृत

१X५ साइजमा मात्र

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस्

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# खाना पकाउने ग्याससहित पेट्रोलियम पदार्थको मूल्यवृद्धि




**पाल्पा,** चैत २७/नेपाल आयल निगमले खाना पकाउने एलपी ग्याससहित सबैजसो पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको भाउमा उतारचढाव भइरहेको उल्लेख गर्दै निगमले भाउ बढाएको हो ।

निगमले विहीबार राती १२:०० बजेदेखि लागू हुनेगरी मूल्य वृद्धि गरेको छ । खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिन्डर १०० रुपैयाँ भाउ बढेको छ । यस्तै पेट्रोलमा प्रतिलिटर १७ रुपैयाँ, डिजेल र मट्टीतेलमा प्रतिलिटर २५/२५ रुपैयाँ भाउ बढेको छ । यस्तै निगमले हवाई इन्धन (आन्तरिक)तर्फ प्रतिलिटर ६ रुपैयाँका दरले भाउ बढाएको छ । नयाँ मूल्यसूची अनुसार अब काठमाडौं उपत्यकासहित तेस्रो वर्गमा पेट्रोलको मूल्य प्रतिलिटर २१९ रुपैयाँ पुगेको छ । त्यसैगरी डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर २०७ रुपैयाँ तथा खाना पकाउने एलपी ग्यास प्रतिसिलिन्डर दुई हजार १० रुपैयाँ पुगेको छ । यस्तै पहिलो वर्गमा पेट्रोलको भाउ २१६ रुपैयाँ ५० पैसा तथा डिजेल र मट्टीतेलको भाउ २०४ रुपैयाँ ५० पैसा पुगेको छ भने दोस्रो वर्गमा पेट्रोलको भाउ २१८ रुपैयाँ तथा डिजेल र मट्टीतेलको २०६ रुपैयाँ पुगेको छ । यसैगरी हवाई इन्धन ( आन्तरिक)तर्फ प्रतिलिटर २५७ रुपैयाँ कायम गरिएको छ । सरकारले भन्सार महसुल र पूर्वाधार विकास करमा नाममा उठाईदै आएको शुल्कमा ५० प्रतिशत छुट दिए पनि घाटा कम नभएपछि भाउ बढाउनुपरेको निगमको दाबी छ । निगमले निरन्तर घाटा बढेमा इन्धन आपूर्ति प्रभावित हुन सक्ने भन्दै उपभोक्तालाई मितव्ययी रूपमा पेट्रोलियम पदार्थ प्रयोग गर्न आग्रह पनि गरेको छ । अहिलेको मूल्यवृद्धिपछि पनि निगमलाई पाक्षिक रूपमा करिब सात अर्ब ८१ करोड घाटा हुने निगमको दाबी छ ।


मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं।

-मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
-मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
-प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
-जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
-वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
-ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
-वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।
वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई